# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८०/०८१
च.नं.

## प्रथम अध्यक्ष कप खेलकुद प्रतियोगिता सम्बन्धी सूचना

(प्रथम प्रकाशित मिति २०८०/०७/२३ )

यस गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम अध्यक्ष कप खेलकुद प्रतियोगितालाई राष्ट्रव्यापी अन्तर स्थानीय तह पुरुष भलिबल प्रतियोगिता २०८० को रुपमा संचालन गर्ने गाउँ कार्यपालिकाको मिति २०८० कार्तिक २१ गतेको निर्णय अनुसार माण्डवी गाउँपालिकाको आयोजनामा मिति २०८० मङ्सिर १४-१५ गते सम्म संचालन हुने राष्ट्रव्यापी अन्तर स्थानीय तह पुरुष भलिबल प्रतियोगिता २०८० मा इच्छुक सबै महानगर/उपमहानगर/नगरपालिका/गाउँपालिकालाई खेलमा सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ।

**१. खेलका नियम तथा अन्य जानकारीहरु :**

क) खेल FIVB को नियमानुसार खेलाइनेछ।

ख) खेल लिगकम नकआउटको आधारमा हुनेछ।

ग) एक टिममा सम्बन्धित पालिकाभित्रको खेलाडी मात्र हुनुपर्नेछ ( प्रत्येक स्थानीय तहले सम्बन्धित स्थानीय तहको बासिन्दा भएको प्रमाणित हुने नागरिकता सहित सिफारिस गर्नुपर्नेछ)

घ) एक टिममा ९ जना खेलाडी,१ जना प्रशिक्षक र १ जना टिम व्यवस्थापक गरी ११ जना हुनुपर्नेछ। खेलाडीहरुले खेल पोशाक अनिवार्य रुपमा लगाउनुपर्नेछ।

ङ) सहभागी खेलाडीहरुले यातायात खर्च र खाना, बस्नको व्यवस्थापन स्वयं आफैले गर्नुपर्नेछ।

च) सहभागी हुने टिमहरु खेल सुरु हुने ३० मिनेट अगाडी नै प्रतियोगिता स्थलमा आईपुग्नु पर्नेछ।

छ) खेलमा कुनै विवाद उत्पन्न भएमा आयोजकको निर्णय नै अन्तिम हुनेछ।

**२. पुरस्कारहरु :**

क) प्रथम पुरस्कार नगद रु २ ,००,०००/- (दुई लाख मात्र), ट्रफी, मेडल र प्रमाणपत्र।

ख) द्वितीय पुरस्कार नगद रु १,२५,०००/- (एक लाख पच्चीस हजार मात्र), ट्रफी, मेडल र प्रमाणपत्र।

ग) तृतीय पुरस्कार नगद रु ७५,०००/- (पचहत्तर हजार मात्र) , ट्रफी, मेडल र प्रमाणपत्र।

घ) उत्कृष्ट स्पाइकर, उत्कृष्ट सेटर, उत्कृष्ट सर्भर, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट खेलाडीलाई जनही नगद रु.५,०००/- ट्रफी, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको छ।

**३. टिम दर्ता गर्ने अन्तिम मिति, समय र स्थान :** २०८० मङ्सिर १२ गते बेलुका ५ बजे सम्म, गाउँपालिकाको कार्यालय जस्पुर, प्यूठानमा टिम दर्ता गर्न सकिनेछ, टिम दर्ता टिम रजिष्ट्रेशन फारम भरि इमेल मार्फत पठाउन सकिनेछ ।

**४. टिम दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजातहरु :** नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, बसाइसराइ गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित पालिकाको सिफारिस।

**५. खेल संचालन हुने स्थान:** माण्डवी गाउँपालिकाको खेलकुद मैदान, माण्डवी गा.पा-०३, मार्सीवाङ।

**६. खेल सुरु हुने समय:** २०८० मङ्सिर १४ गते बिहान १० बजे देखि

**७. थप जानकारीको लागि सम्पर्क:**

प्रकाश वली, सामाजिक विकास समिति संयोजक- ९८६८३६३८५१
धनेन्द्र कार्की, वडा अध्यक्ष वडा नं. ३ :-९८५७८३६३०९
जितामित्र सुनार, कार्यपालिका सदस्य:- ९८४७८३९२३४
बलराम पौडेल , अधिकृत छैठौं:- ९८६६५०६२७८

२०८०/०७/२२

**प्रकाश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**